# गौमुल गाउँपालिका

मितिः २०७४/०३/१८

# गाउँकार्यपालिकाको कर्यालय

## घट्मुना,बाजुरा

## कार्यपालिकाको प्रथम बैठकबाट पारित निर्णयहरु

***निर्णय नं. १ :*** राज्य पूर्नसंरचना गर्ने सन्दर्भमा यस गौमुल गाउँ कार्यपालिकाको केन्द्र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा साविकको मानाकोट गाविस भवन रहेको स्थान नीलासैनलाई तोकीएको हुँदा यस गाउँपाालिका अन्तरगत रहेका साविकको मानाकोट, दहकोट र जुगाडा गाविसको वडा नं. ७ अन्तरगत विचकेन्द्र घटमुना पर्ने भएकाले उक्त केन्द्रलाई स्थानान्तरण गरी घटमुनालाई केन्द्र बनाउने निर्णय गरि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पठाउने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

***निर्णण नं. २ :*** राज्य पूर्नसंरचना पछि यस गौमुल गाउँपालिकाको सम्पूर्ण संरचना नयाँ निर्माण गर्नुपर्ने र निर्माणका लागि प्रयाप्त जग्गा आवश्यक पर्नेहुँदा हाल अस्थायी रुपमा यस क्षेत्रमा रहेको घटाल नि.मा.वि.को प्रयोगमा नआएको प्रतिबाँझो जग्गा गाउँपालिकाको नाममा गर्नुपर्ने र सो जग्गा विद्यालय संचालन तथा स्थापनामा कुनै असर नगर्नेहुँदा सो जग्गामा गाउँपालिकाको लागि आवश्यकपर्ने सम्पूर्ण भौतिक संरचना निर्माणहुन सक्ने भएकाले उक्त प्रतिबाँझो जग्गालाई गाउँपालिकाको नाममा गर्न आवश्यक कानुनी पहल गर्ने भन्ने निर्णय गरियो ।

***निर्णण नं. : ३ :*** यस गौमुल गाउँपालिकाको केन्द्र राज्य पूनर्सरचनाको क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट साविकको मानाकोट गाविसको गाविस भवन रहेको नीलासैन निर्णय गरियो तोकी आएको र केन्द्रको नामाकरण मानाकोट भनिएकोमा आमसहमतिको केन्द्र घटमुना रहेकाले गौमुल गाउँपालिकाको केन्द्रका् नामाकरण अवदेखि लागुहुने गरी मानाकोटको सट्टा घटमुना हुने गरी नाम परिवर्तनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

***निर्णण नं. ४ :*** गौमुल गाउँपालिकाको कामकाजलाई छिटोछरितो चुस्तदुरुस्त राख्नका लागि हाल व्यवस्था भएको मौजुदा जनशक्तीले ६ वटा वडाहरुको कार्यालय संचालनका लागि प्रयाप्त नहुनेहुँदा वडा कार्यालयको व्यवस्थापन र गाउँपालिकाको कार्यालय व्यवस्थापनका लागि मामिला देहायको जनशक्ती आवश्यक पर्ने भएकाले संघीय मामिला तथा स्थथानीय विकास मन्त्रालयमा मागका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

वडा कार्यालयको लागि

१) वडा सचिव ना.सु ६ जना
२) लेखा सहायक ६ जना
३) कार्यालय सहयोगी ६ जना

गाउँपालिका कार्यालयको लागि

१) ईन्जीनियर १ जना
२) ना.सु. १ जना
३) खरिदार १ जना
४) आभरसियर १
५) कम्प्यूटर अपरेटर १ जना
६) सव ओभरसियर १ जना
७) अमिन १ जना
८) कार्यालय सहयोगी २ जना